दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक ३४२ | बुटवल | २०८१ पौष ०४, गते बिहीबार | नेपाल संवत ११४५ | Thursday Dec. 19, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१


## ‘कर्मचारीको सम्पत्ति सार्वजनिक गर्नुपर्छ’

बुटवल । निजामती कर्मचारीको सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने बाध्यकारी कानुनी व्यवस्थाको प्रस्ताव आएको छ । नेकपा माओवादी केन्द्रका सांसद पूर्णबहादर घर्तीले बुधबार संघीय निजामती विधेयकमाथिको छलफलमा यस्तो प्रस्ताव राखेका हुन् । हाल निजामती कर्मचारीले सम्पत्ति विवरण निजामती किताब खानामा बुझाउनुपर्ने व्यवस्था छ । यसलाई बदलेर सम्पत्ति विवरण सार्वजनिक नै गर्नुपर्ने कानुन बनाउनुपर्ने उनको प्रस्ताव छ । ‘कर्मचारीले सम्पत्ति विवरण पेश गरेर मात्रै हुँदैन, त्यो विवरण सार्वजनिक गर्नुपर्छ । यो प्रावधान राख्नुपर्छ ।’- समितिको बैठकमा सांसद घर्तीले भने ।निजामती विधेयकमाथि संशोधनकर्ता सांसदहरूसँग राज्य व्यवस्था समितिले छलफल गरिरहेको छ । ‘संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक’ २१ फागुन २०८० मा प्रतिनिधि सभामा दर्ता भएको थियो । सैद्धान्तिक छलफल गरेर प्रतिनिधि सभाले दफावार छलफलका लागि १५ जेठ २०८१ मा राज्य व्यवस्था समितिमा पठाएको थियो । संघीय निजामती सेवासम्बन्धी विधेयकमा सांसदहरूले १ सय २४ समूहमा एक हजार ५८३ वटा संशोधन दर्ता गराएका छन् ।

२०७५ सालमा प्रतिनिधिसभामा दर्ता भएको संघीय निजामती सेवा विधेयक २०७८ साल असोजमा सरकारले फिर्ता गरेको थियो । त्यसपछि प्रतिनिधिसभाको अघिल्लो कार्यकालमा संसदमा विधेयक नै आउन सकेको थिएन ।

» बाँकी ३ पेजमा

## निर्मला पन्त बलात्कार र हत्याबारे छलफल

बुटवल । कञ्चनपुरकी १३ वर्षीया बालिका निर्मला पन्तको बलात्कार र हत्या प्रकरणको अनुसन्धानमा खटिएका प्रहरी अधिकारीहरूसँग प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआइबी)ले छलफल सुरु गरेको छ ।

अनुसन्धानमा खटिएका अधिकृतहरूसँग छलफल गरेर एउटा निष्कर्ष निकालेर नयाँ कोणबाट फेरि अनुसन्धान अघि बढाउन लागिएको सीआइबी स्रोतले जानकारी दिएको छ । मंगलबार मात्रै केही प्रहरी अधिकारीलाई सीआइबीको लाजिम्पाटस्थित कार्यालयमा बोलाएर छलफल गरिएको थियो ।

छलफल सकेर एउटा निचोड निकालेपछि अनुसन्धानका लागि नयाँ टोली पठाइने सीआइबीले जनाएको छ । गत साउन १० गते मात्रै पन्तको बलात्कार-हत्या भएको ६ वर्ष पूरा भएको छ । तर अहिलेसम्म हत्यारा पत्ता लगाउन प्रहरीले सकेको छैन ।

कञ्चनपुरकै नेता रमेश लेखक अहिले गृहमन्त्री छन् । यसअघि उनले समेत पन्तको बलात्कार र हत्यारालाई सरकारले पत्ता लगाउन नसकेको भन्दै आलोचना गरेका थिए । तर अहिले अनुसन्धान गर्ने जिम्मेवारी निकायमै उनै लेखक पुगेका छन् । तर हत्यारा अहिलेसम्म पहिचान हुन सकेको छैन ।

६ वर्षको अवधिमा ५ जना गृहमन्त्री र प्रहरी प्रमुख फेरिए, ६ वटा समिति बने, तर अहिलेसम्म हत्यारा पत्ता लाग्न सकेको छैन ।

१० साउन २०७५ मा साथीको घरमा पढ्न जान्छु भनेर निस्केकी पन्त भोलिपल्ट भीमत्त नगरपालिकाकै निम्बुखेडा खोला किनारको उखुबारीमा मृत भेटिएकी थिइन् । घटनामा संलग्नलाई पक्राउ गरी कारबाही गर्न माग गर्दै भएको आन्दोलनका क्रममा भीमदत्त-१८ का १५ वर्षीय सनी खुनाको ज्यान गएको थियो । यो बीचमा १२४ जनाको डीएनए जाँच, ६५५ जनासँग सोधपुछ गरिए पनि घटनामा संलग्न व्यक्ति पत्ता लागेको छैन ।

# सिद्धबाबा सुरुङ मार्ग एक महिनाभित्र ‘ब्रेक थ्रु’ हुँदै

**सुरुङको भौतिक प्रगति ३५.२५ प्रतिशत र वित्तीय प्रगति ३२.२ प्रतिशत छ । सुरुङ मार्ग निर्माणको काम २२ मार्च २०२७ मा पूरा गर्ने सम्झौतामा उल्लेख छ । जसअनुसार अझैं तीन वर्ष लाग्नेछ ।**

**टिआर शर्मा**
*बुटवल*

बहुचर्चित सिद्धबाबा सुरुङमार्गको मुख्य टनेल अबको एक महिनाभित्र ब्रेक थ्रु हुने चरणमा पुगेको छ । सिद्धार्थ राजमार्गअन्तर्गत सबैभन्दा दुर्घटना हुने जोखिमयुक्त पाल्पाको तिनाउ गाउँपालिका-३ दोभानमा सुरुङ मार्ग बन्दैछ । सरकारले सिद्धबाबा सुरुङमार्गलाई राष्ट्रिय गौरवको आयोजनाका रुपमा लिएर काम सुरु गरेको छ ।

सिद्धार्थ राजमार्गको चिडियाखोला-दोभान सडक खण्डमा बारम्बार पहिरो खसेर दुर्घटना हुने गरेपछि विकल्पका रूपमा सुरुङ निर्माणको योजना अघि बढेको थियो । यस खण्डको चार किलोमिटर क्षेत्रमा अत्यधिक पहिरो खस्ने क्षेत्रभित्र पर्छ । चाइना स्टेट कन्स्ट्रक्सन इञ्जिनियरिङ कर्पोरेसनले ७ अर्ब ३४ करोड २१ लाखमा सुरुङमार्ग निर्माणको ठेक्का लिएको छ ।

तीन वटा बाइपासमध्ये १ सय ५१ मिटर लम्बाइ रहेको पहिलो र १ सय ३० मिटर लम्बाइको तेस्रो बाइपास (क्रस प्यासेज) ‘ब्रेक थ्रु’ भइसकेका छन् । बाइपास २ को अब ७ मिटर खन्न बाँकी छ ।

मंगलबारसम्मको कार्य प्रगतिअनुसार मुख्य टनेल ९९७ मिटर खनेर सकिएको सिद्धबाबा सुरुङ मार्ग आयोजनाकी सूचना अधिकारी इञ्जिनियर सविता ज्ञवालीले बताइन् । अब ९२ मिटर खनेपछि मुख्य टनेल ब्रेक थ्रु हुन उनले बताइन् । ‘अबको २५ दिनभित्र मुख्य टनेल र बाइपास ३ टनेल सबै ब्रेक थ्रु हुन्छ,’ ज्ञवालीले भनिन् -‘ब्रेक थ्रुपछि ढलान र सडक बनाउन सुरु हुन्छ, सबै काम पूरा भएर सुरुङ उद्घाटन हुन तीन वर्ष लाग्छ ।’

गत भदौ २६ मा तेस्रो र असोज ४ मा पहिलो बाइपास मुख्य टनेलसँग खनेर सकिएको थियो । पहिलो बाइपास माथिल्लो सिद्धबाबा मन्दिरतर्फको र तेस्रो बाइपास दोभान ड्याम साइडतर्फको हो । मुख्य टनेलको भागसम्म नपुगेको र केही लामो भएकाले दोस्रो बाइपास ब्रेक थ्रु हुन समय लागेको हो । मुख्य सुरुङको दुवैतर्फबाट दैनिक विस्फोटसहित खन्ने काम जारी रहेको सूचना अधिकारी ज्ञवालीले बताइन् ।

अहिले सुरुङको भौतिक प्रगति ३५.२५ प्रतिशत र वित्तीय प्रगति ३२.२ प्रतिशत छ । वित्तीय प्रगति निर्माण कम्पनीले सुरुमै लगेको पेस्कीसमेत हो । अहिले दैनिक डेढ सयदेखि दुई सय जना कामदारले काम गरिरहेका योजनाले जनाएको छ ।

सुरुङ खनेर सुरक्षाका लागि गरिने कामका साथै बाटो फराकिलो पार्नेसहित अन्य काम सुरु भइसकेको योजनाले जनाएको छ । योजनाले भित्र काम भइरहेकाले बाहिरको काम गरेको छैन । सुरुङबाहिरको पहाडमा पहिरो बग्न नदिने गरी काम भइरहेको छ ।

सुरुङ मार्गभन्दा दक्षिणतर्फको सडकलाई सुरक्षित बनाउन रक सेड र सडकको डिजाइनको कामसमेत अब अघि बढाइनेछ योजना प्रमख कृष्णराज अधिकारीले बताए । त्यसका लागि पनि डिजाइन फाइनल भइसकेको उनले बताए ।



सिद्धबाबा क्षेत्रको बाहिरी पहाडमा पहिरो जान रोक्न ‘रक सेड’ प्रविधिबाट दक्षिणमा एक हजार ४९५ वर्गमिटरको काम भएको छ । उत्तरतर्फ ४९५ वर्गमिटर ‘प्रोटेक्सन’ को काम अघि बढेको छ । यो सुरुङमार्ग बाहिरपट्टिको खण्डमा रक सेड, रक फल ब्यारियर र स्लोप प्रोटेक्सनको काम हुनेछ । योजनाअन्तर्गत बुटवलतर्फको चिडियाखोलाबाट ९ सय १० मिटर र पाल्पातर्फ ५ सय ६० मिटर दुई लेनमा सडक सुधारको काम पनि थालिने आयोजनाले जनाएको छ । मुख्य सुरुङको ब्रेक थ्रु पछि ढलान र सडक बनाउन सुरु गरिने छ ।

सिद्धबाबा सुरुङ मार्ग आयोजना २०७८ सालमै सुरु भएको हो । सुरुङमार्ग २२ मार्च २०२७ मा सक्नुपर्ने सम्झौतामा उल्लेख छ ।

इपीसी मोडलको ठेक्का भएकाले यसअन्तर्गतका सम्पूर्ण संरचनाको डिजाइन, निर्माण तथा मर्मतको जिम्मा निर्माण व्यवसायीको रहनेछ । आयोजनाअन्तर्गत २ हजार ३ सय ९८ मिटर सडक स्तरोन्नति हुनेछ । ७ सय ८० मिटरमा रकसेड, १ सय ५५ मिटर, १ सय ४५ मिटर र १ सय ३१ मिटर गरी ४ सय ३१ मिटरका तीन वटा बाइपास सुरुङसमेत निर्माण हुनेछन् । आयोजनाअन्तर्गत नै उत्तरी र दक्षिणी प्रवेशद्वारमा दुई प्राविधिक भवनसमेत निर्माण हुने आयोजनाले जनाएको छ । इञ्जिनियरिङ, ‘प्रोक्योरमेन्ट एन्ड कन्स्ट्रक्सन’ मोडेलमा ठेक्का भएको हो । ८ वर्षअघि नै स्विस कम्पनीले गरेको अध्ययनले सिद्धार्थ राजमार्गको बर्तुङ-चिडियाखोला सडकखण्डको सिद्धबाबादेखि दोभान चौकीसम्मको २ हजार ७ सय मिटर सडकक्षेत्र जोखिमयुक्त रहेको निष्कर्ष निकालेर सोहीअनुसार सरकारलाई सुझाव दिएको थियो ।

**गृहमन्त्रीद्वारा निरीक्षण**

गृहमन्त्री रमेश लेखकले सिद्धबाबा सुरुङमार्गको निरीक्षण गरेका छन् । बुधबार रुपन्देहीबाट पाल्पा जाने क्रममा गृहमन्त्री लेखकले निर्माणाधिन सुरुङमार्गको निरीक्षण गरेका हुन् ।

निरीक्षण गर्दै गृहमन्त्री लेखकले यस आयोजना बनेपछि मुलुक सुरुङ युगमा प्रवेश गर्ने बताए । हाइड्रोतर्फ धेरै नै टनेलहरू बनाइएको भए पनि सडकतर्फ नागढुंगा सुरुङ र सिद्धबाबा सुरुङ निर्माणका क्रममा भएकाले यी सुरुङ मार्गहरूको निर्माणले नेपालको सडक क्षेत्रमा सुरुङ युगमा प्रवेश गर्ने उनको भनाइ थियो । सिद्धबाबा सुरुङमार्ग तोकिएकै समयमा सम्पन्न गर्न उनले आग्रह समेत गरे ।

# बुटवलमा औद्योगिक व्यापार मेला सुरु

**पाँच सय स्टल रहेका मेलामा पाँच लाख दर्शक आउने र १५ करोड बढीको कारोबार हुने आयोजकको अपेक्षा छ ।**




**लुम्बिनी संवाददाता**
*बुटवल*

‘लगानी लुम्बिनीमा, समृद्धि देशमा’ भन्ने मूल नारासहित बुटवलमा बुधबारदेखि २४औं संस्करणको औद्योगिक व्यापार मेला सुरु भएको छ । बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीको आयोजना तथा बुटवल उप-महानगरपालिका र नेपाल उद्योग वाणिज्य महासंघको संरक्षकत्वमा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र बुटवल मण्डपमा सुरु मेलामा पाँच सय स्टल रहेका छन् ।

दर्शकलाई सहजरुपमा अवलोकनका लागि मेलामा सहभागी स्टलहरुहरुलाई वस्तु तथा सेवाको प्रकृतिअनुसार औद्योगिक उत्पादन, कृषि, हस्तकला, इलेक्ट्रिक एण्ड इलेक्ट्रोनिक्स, गार्मेन्ट, जुत्ता, फूड एण्ड वेभरेज, अटोमोवाइल्स र होटलका छुट्टाछुट्टै १० वटा पेभिलियन बनाइएका छन् ।

पुस ३ गतेदेखि १६ दिनसम्म सञ्चालन हुने मेलाको ५ लाखभन्दा बढी दर्शकले अवलोकन गर्ने र १५ करोड बढीको कारोबार हुने आयोजकको अपेक्षा छ ।

मेला अवधिमा उद्योग, वाणिज्य, पर्यटन क्षेत्रका समस्या,सम्भावना र चुनौतीका विषयमा विषयविज्ञहरुको सहभागितामा गोष्ठी हुने आयोजकले संघका अध्यक्ष हरिप्रसाद अर्याललले बताए ।

मेला अवधिभर लोक दोहोरी प्रतियोगिता, भ्वाइस अफ बुटवल, विद्यालयस्तरीय लोक दोहोरी प्रतियोगिता, माध्यमिक विद्यालयस्तरीय लोकनृत्य प्रतियोगिता, भजन चुट्का प्रतियोगिता, हाँस्यव्यग्य प्रतियोगिता, बाल उद्यान, वाटर टनेल, ब्यूटि शो, टिकटक प्रतियोगिता र राष्ट्रियस्तरका तथा स्थानीय कलाकारको सांगीतिक प्रस्तुति आकर्षणका रुपमा रहेका छन् ।

मेला अवलोकन गर्न आउने सर्वसाधारणका लागि ७० रुपैयाँ र विद्यार्थीका लागि ५० रुपैयाँ टिकट शुल्क निर्धारण गरिएको छ ।

**ढुक्क भएर उद्योग व्यवसायमा लगानी गर्नुस् : मन्त्री खड्का**

मेलाको उर्जा जलस्रोत तथा सिँचाइ मन्त्री दीपक खड्काले उद्घाटन गरेका छन् । सो अवसरमा बोल्दै मन्त्री खड्काले मुलुकमा चुनौती र निराशाहरु रहे पनि सरकारले चुनौतीको सामना गर्ने बताए । मुलुकलाई स्थायित्व दिन कांग्रेस र एमालेको सरकार बनेको जिकिर गर्दै मन्त्री  खड्काले अस्थिरता चाहनेले सरकार ढल्ने हल्ला चलाए पनि अहिलेको सरकार २०८४ को चुनावसम्म कायम रहने दाबी गरे ।

मन्त्री खड्काले ढुक्क भएर उद्योग, व्यवसायमा लगानी गर्न निजी क्षेत्रलाई आग्रह गरे । सरकार त्रिदेशीय विद्युत् व्यापार र १६ हजार मेगावाट विद्युत् निर्यात गर्ने लक्ष्यका साथ अघि बढेको मन्त्री खड्काले बताए । लगानीकर्ताको लगानी सुरक्षाको जिम्मा सरकारले लिने उनको दाबी छ । कानुन संशोधन गरेर भए पनि लगानीमैत्री वातावरण बनाउन सरकार प्रतिबद्ध रहेको मन्त्री खड्काले जनाए ।

लुम्बिनी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्कीले लुम्बिनी प्रदेशलाई उद्योग र पर्यटनको हब बनाउने गरी तीनै तहका सरकारले योजना र कार्यक्रम बनाउनुपर्ने बताए ।

» बाँकी ३ पेजमा




## सम्पादकीय

# गृहमन्त्रीको निर्देशन

गृहमन्त्री रमेश लेखकले तस्करी नियन्त्रण गरी राजस्व चुहावट रोक्न निर्देशन दिएका छन् । भैरहवामा भएको लुम्बिनी प्रदेशका १२ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी, सबै सुरक्षा अंगका जिल्ला प्रमुखहरु सहभागी लुम्बिनी प्रदेश सुरक्षा बैठकमा गृहमन्त्रीले तस्करी नियन्त्रण हुन नसकेकोमा असन्तुष्टि जनाएर सुरक्षा निकायलाई कार्ययोजनासहित काम गर्न निर्देशन दिएका छन् ।

नेपाल–भारत खुला सीमा संवेदनशील छ । खुला सीमाबाट सीमा अपराध र तस्करी सहजै हुने भएकाले सुरक्षा निकायको सक्रियता आवश्यक छ । लुम्बिनी प्रदेशको नवलपरासी पश्चिम, रूपन्देही, कपिलवस्तु, दाङ, बाँके र बर्दिया जिल्ला भारतसँग सीमा जोडिएका छन् । देशको राजस्व संकलनको महत्वपूर्ण तीन भन्सार कार्यालय यही प्रदेशमा छन् । भैरहवा, कृष्णनगर र नेपालगञ्ज भन्सार कार्यालयले लक्ष्यअनुसार राजस्व संकलन गर्न नसकिरहेको बेला गृहमन्त्रीले असन्तुष्टि जनाउनु स्वाभाविकै छ । केही महिनायता सीमा क्षेत्रमा प्रहरी सक्रियता कमजोर छ । भन्सार विन्दु छलेर विभिन्न मालसमान आयात भइरहेकोले राजस्व संकलन लक्ष्यअनुसार हुन सकिरहेको छैन । दुई प्रहरी संगठनका युनिट, राजस्व अनुसन्धान कार्यालय र भन्सार कार्यालय मिलेर तस्करी नियन्त्रण गर्न सक्छन् । उल्लेखित चार सरकारी निकायबिचको समन्वय सीमा क्षेत्रमा अपरिहार्य छ । समन्वयको अभावले तस्करी मौलाइरहेको छ ।

गृहमन्त्रीले मंगलबार भैरहवामा निर्देशन दिनेबित्तिकै डण्डा सशस्त्र चेक प्वाइन्टमा चेकजाँचमा केही कडाइ जस्तो देखियो । यहाँ चेकजाँचमा केही कडाइ गरेजस्तो गरेर मात्रै हुँदैन । तस्करीको सेटिङ भत्काउन प्रहरी संगठनका अधिकारीहरु इमान्दार हुनैपर्छ ।

विगतमा भन्सार अधिकारीहरुले तस्करी नियन्त्रणको लागि प्रहरी युनिटको सहयोग माग्दा समेत बेवास्ता भएका उदाहरण छन् । सीमावर्ती जिल्लामा खटिएका प्रहरी प्रमुखहरुको कमजोर आर्थिक अनुशासन र नियत ठिक नहुँदा तस्करीलाई बल पुगेको छ । प्रहरी संगठनका अधिकारीहरुको यही रवैयालाई बुझेर हुनुपर्छ, गृहमन्त्रीले भनेका छन्–'काम र नतिजाको आधारमा मूल्याङ्कन हुन्छ ।' काम राम्रो गरेर नतिजा राम्रो निकाल्दा करिअरमा राम्रो हुन्छ भन्ने सवाललाई बुझेर तस्करी नियन्त्रणका लागि जिम्मेवारीबोध हुनुपर्छ ।

# जातीय विभेद अन्त्य गर्न माग राख्दै प्रधानमन्त्रीलाई ज्ञापन पत्र




नवलपुर । नेपालमा पछिल्लो समय जातीय विभेदका घटनामा कमी आए पनि अन्त्य नभएको सरोकारवालाहरुले बताएका छन् ।

नेपाल उत्पीडित जातीय मुक्ति समाज नवलपुरले जिल्ला प्रशासन कार्यालय नवलपुरमार्फत् प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाउने क्रममा यस्तो बताएका हुन् । नेपाल उत्पीडित जातीय मुक्ति समाजका केन्द्रीय नेता एवम् जिल्ला समन्वय समिति नवलपुरको प्रमुख बाबुराम विश्वकर्माको नेतृत्वमा रहेको टोलीले बुधबार ज्ञापन पत्र बुझाएको हो ।

ज्ञापन पत्र बुझाउँदै नेकपा एमाले निकट नेपाल उत्पीडित जातीय मुक्ति समाज नवलपुरका अध्यक्ष दीपक विश्वकर्माले नेपालका अधिकांश क्षेत्रमा अझैं जातीय विभेद रहेको भन्दै जातीय विभेदका घटनाका दोषीहरुलाई कारबाहीको दायरामा ल्याउनु पर्नेमा जोड दिए ।

त्यसैगरी जातीय विभेद अन्त्यका लागि जिल्लामा रहेको सरकारी कार्यालयहरुमा जातीय विभेद गर्दा हुने कानुनी दण्डका बारेमा जानकारी हुने खाले प्रचारमूलक पोष्टरहरु राख्नु पर्ने, जिल्ला प्रशासन कार्यालय नवलपुरमा जातीय विभेदमा परेर आएका मुद्दा हेर्ने छुट्टै हेल्प डेक्स राख्न माग गरेका थिए ।

ज्ञापन पत्र बुझ्दै नवलपुरका प्रमुख जिल्ला अधिकारी अरुण पोखेलले जातीय विभेदमा परेका मुद्दा जिल्ला प्रशासन कार्यालय नवलपुरमा अहिलेसम्म नआएको जानकारी गराउँदै समाजमा अझैं पनि बाँकी रहेको जातीय विभेद अन्त्यका लागि स्थानीय तहले विद्यालयको पाठ्यक्रममा समेटेर लानु पर्नेमा जोड दिए ।

पोखेलले आफूले आफ्नो ठाउँबाट जातीय विभेद अन्त्यका लागि खेल्नु पर्ने भूमिका निर्वाह गर्न कुनै कसर बाँकी नराख्ने पनि बताए ।

# भारत र मलेशियाका लागि राजदूत नियुक्त

काठमाडौं । राष्ट्रपति रामचन्द्र पौडेलले भारत र मलेसियाका लागि नेपालका आवासीय राजदूत नियुक्त गरेका छन् ।

नेपालको संविधानको धारा २८२ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा डा. शंकरप्रसाद शर्मालाई भारत र डा. नेत्रप्रसाद तिम्सिनालाई मलेसियाका लागि आवासीय राजदूत नियुक्त गरेको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।

सरकारले गत साउनमा भारत, मलेसियासहित १८ देशका लागि राजदूत नियुक्त गर्न सिफारिस गरेको थियो ।

# सेभेन ए साइड फुटबल प्रतियोगिता हुने

देवदह । रुपन्देहीको देवदहमा प्रथम नगरस्तरीय अन्तर सामुदायिक विद्यालय शिक्षक सेभेन ए साइड फुटबल प्रतियोगिता हुने भएको छ । जनप्रिय माध्यमिक विद्यालयको आयोजनामा यही पौष १८ गते देवदह क्षेत्रमा रहेका सामुदायिक विद्यालयका शिक्षकहरु बिच उक्त प्रतियोगिता हुने विद्यालयमा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो ।

पत्रकार सम्मेलनमा बोल्दै विद्यालयका शिक्षक श्याम थापाले देवदह क्षेत्रमा रहेका सामुदायिक विद्यालयका शिक्षकहरु बिच प्रतियोगिता आयोजना गरेको जानकारी दिए । उनले सामुदायिक विद्यालयमा अध्यापनरत शिक्षकहरु बिच एक आपसमा सद्भाव कायम गर्ने गरी प्रतियोगिताको आयोजना गरेको जानकारी दिए । प्रतियोगिताका विजेताले नगद १० हजार, उपविजेताले नगद ७ हजारसहित ट्रफी, मेडल प्राप्त गर्ने खेल संयोजक थापाले जानकारी दिए ।

प्रतियोगितामा देवदह क्षेत्रमा १३ वटा विद्यालयभन्दा बढीको सहभागिता हुने र करिव ५० हजार खर्च लाग्ने बताउँदै उनले प्रतियोगिता सम्पन्न गर्न देवदह क्षेत्रमा रहेका विभिन्न संघसंस्थासँग समन्वय गर्ने गरी अगाडि बढेको जनाए । प्रतियोगितामा अत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता र उत्कृष्ट गोलकिपरलाई समेत पुरस्कारको व्यवस्था गरिएको खेल संयोजक थापाले बताए ।

पत्रकार सम्मेलनमा बोल्दै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अमर लामिछानेले विद्यालयले शिक्षा संगै खेलकुदलाई पनि अगाडि बढाइरहेको जानकारी दिए । उनले समुदायसँग सहकार्य गर्दै गुणस्तर शिक्षासँगै विद्यालयले बेला बेलामा विभिन्न प्रतियोगिता आयोजना गर्दै आइरहेको बताए । उनले खेलकुदले शारीरिक स्वास्थ्यसँगै अनुशासन समेत बनाउने बताउँदै शिक्षकहरु बिच एक आपसमा सद्भाव कायम गर्ने गरी प्रतियोगिताको आयोजना गरेको जनाए ।

विद्यालयमा गठित खेलकुद तथा अतिरिक्त क्रियाकलाप प्रमुख केशव न्यौपानेको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा दुर्गा मन्दिर युवा क्लबका तुलबहादुर क्षेत्रीलगायतले आ-आफ्ना भनाइ राखेका थिए । विद्यालयका शिक्षक पदकबहादुर जिसीको स्वागत र शिक्षक स्नेहा पन्थीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# नेप्से परिसूचक सामान्य अङ्कले घट्यो

काठमाडौं । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सामान्य अङ्कले घटेको छ । बुधबार पुँजीबजार परिसूचक पाँच दशमलव ६० अङ्कले घटेर दुई हजार छ सय २८ दशमलव २६ को बिन्दुमा कायम भएको नेप्सेले जनाएको छ ।

कारोबारमा तीन सय १४ कम्पनीको ८१ लाख ४७ हजार तीन सय २० कित्ता शेयर ४९ हजार चार सय २१ पटक खरिदबिक्री भएको छ । पछिल्ला दिनहरूमा नेप्सेमा कारोबार रकम निरन्तर घटिरहेको छ । पनि कारोबार रकम रु चार अर्ब २७ करोड ८२ हजार मा खुम्चिएको छ ।

वित्त समूह एक दशमलव शून्य सात, लघुवित्त समूह शून्य दशमलव शून्य नौ र व्यापार समूह शून्य दशमलव ५० प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव ३६, विकास बैंक शून्य दशमलव १६, होटल तथा पर्यटन शून्य दशमलव ४२, जलविद्युत् शून्य दशमलव ३६, लगानी शून्य दशमलव ३२ र जीवन बिमा समूह शून्य दशमलव ३३ प्रतिशतले घटेको छ ।

उत्पादन तथा प्रशोधन शून्य दशमलव ३२, म्युचुअल फण्ड शून्य दशमलव २६, निर्जीवन बिमा शून्य दशमलव १४ र अन्य समूह शून्य दशमलव ३७ अङ्कले घटेको छ ।

# युरोसिक्स प्रविधिको बारेमा २३ दक्ष जनशक्ति निर्माण



बुटवल । धुवारहित गाडि बनाउँदै वातानुकुलित गाडी बनाउनको लागि बुटवलका अटो मेकानिक्सहरुको क्षमता अभिवृद्धि गरिएको छ ।

बुटवल अटो इञ्जिनियरिङ एशोसियशन लुम्बिनी, रुपन्देही उद्योग संघ र इन्स्योर परियोजना नेपालको संयुक्त आयोजनामा बुटवल अटो भिलेज मैनाबगरमा काम गर्दै आएका अटो मेकानिक्सहरुलाई युरो सिक्स बिएस सिक्स गाडी प्रविधिको बारेमा कामदारहरुको लागि थप सीप तालिम प्रदान गरिएको हो ।

दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजनाको दोस्रो चरणको ९६ घण्टे कामदारहरुको मंसिर १४ गतेदेखि २९ गतेसम्म तालिम प्रदान गरिएको हो । सम्बन्धित विषयमा कार्यरत कामदारहरु, एशोसिएशनकामा आबद्ध कामदार र विगतमा कोभिडका कारणले बेरोजगार भएका, वैदेशिक रोजगारीबाट फर्केका २३ युवाहरुलाई समेटेर १६ दिने तालिम प्रदान गरिएको बुटवल अटो इञ्जिनियरिङ एशोसिएशनका रुपन्देही लुम्बिनीका उद्योग उपाध्यक्ष एवं तालिम संयोजक ध्रुब राज भुसालले जानकारी दिए ।

बुटवल अटो इञ्जिनियरिङ एशोसिएशन रुपन्देही लुम्बिनीका अध्यक्ष प्रेम गौचनले एशोसिएशनले कामदारको क्षमता तथा दक्षता वृद्धि हुने अपेक्षासहित तालिम आयोजना गरिएको बताए । तालिममा सहभागी विजय पाण्डेले युरो सिक्स तथा युरो फोर गाडीको बारेमा धेरै सुने पनि त्यसलाई कसरी मर्मत गर्ने तथा कसरी काम गर्ने विषयमा अन्यौल भए पनि तालिमले सिम प्रदान गरेको बताए । उनले यी गाडीहरु स्क्यान गर्ने तरिका तथा यी गाडीमा भएका सेन्सरको काम र कसरी सेन्सरको व्यवस्थापन हुन्छ भन्ने विषयमा सिक्न पाएको बताए ।

बुधबार आयोजित समापन कार्यक्रममा बुटवल उप-महानगरपालिका वडा नम्बर २ का अध्यक्ष सुनिल शाक्य, रुपन्देही उद्योग संघका अध्यक्ष दिलिप सापकोटा, नेपाल अटो मेकानिक्स ब्यवसायी महासङका केन्द्रीय अध्यक्ष जनार्धन गह्रे, पूर्व अध्यक्ष तथा संरक्षण सल्लाहकार ज्योति भण्डारी, सल्लाहकारबाट चन्द्रमणी भण्डारी, प्रमुख प्रशिक्षक चिन्तामणी खनाल, महासचिव पुनित पोखरेललगायतले बोल्दै तालिममा सिकेको सिपले बुटवल अटो भिलेजभित्र युरोसिक्स प्रविधिका सवारी निर्माणमा थप टेवा पुग्ने बताएका थिए ।



# विनयी त्रिवेणी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**नवलपरासी,बर्दघाट सुस्तापुर्व**
**गण्डकी प्रदेश, नेपाल**
**स्था : २०७३**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशन मितिः २०८१/०९/०४

यस कार्यालयबाट विभिन्न मितिमा आवहान भएको ठेक्कामा तपसिल बमोजिमको बोलपत्र दाताको कबोल अंक सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन२०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि प्रकाशन गरिएको छ ।

| सि. न. | बोलपत्र न. | आयोजनाको विवरण | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.क. /TDS सहित) |
|---|---|---|---|---|
| १ | 05/NCB/Rev/ BT/2081-082 | सिलौटेघाटपुल माथि (खयरघारी) | Thapa Construction, Bardaghat -04, Nawalparasi West | ३६,६९,७२५.०० |

**प्रमुख प्रशासकीय अधिकृत**

**लूम्बिनी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**

# पृथ्वीचन्द्र अस्पताल

**नवलपरासी**

## सेवा करारमा पदपूर्ति सम्बन्धी सुचना ।

मिति २०८१/०९/०४

प्रस्तूत बिषयमा यस पृथ्वीचन्द्र अस्पताल नवलपरासीको लागी पृथ्वीचन्द्र अस्पताल बाट प्रदेश स्वास्थ्य मन्त्रालय बाट स्वीकृत दरबन्दी मध्ये तपशिल बमोजिका पदहरुमा करार सेवाको लागी कर्मचारी ब्यवस्थापन कार्यबिधी (संशोधन सहित) २०८० बमोजिम पदपूर्ति गर्नुपर्ने भएकोले २०८२ असार मसान्त सम्मको लागी देहाय बमोजिम योग्यता पूगेका ईच्छूक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रितपूर्वक दरखास्त पेश गर्नूहून सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । रित नपूगेको दरखास्त उपर कूनै कारबाही हुने छैन ।

| क्र. सं. | बिज्ञापन नम्बर | पद | तह/ श्रेणी | न्यूनतम शैक्षिक योग्यता | माग पद संख्या | कैफीयत |
|---|---|---|---|---|---|---|
| १ | ०१/०८१/०८२ | डेन्टल सर्जन | आठौ | मान्यता प्राप्त शिक्षण संस्था बाट बि.डि.एस उपाधी प्राप्त वा सो सरह मान्यता प्राप्त | १ | रिक्त दरबन्दी |
| २ | ०१/०८१/०८२ | नर्सिगं अधिकृत | सातौ | मान्यता प्राप्त शिक्षण संस्था बाट नर्सिग बिषयमा स्नातक उपाधी प्राप्त | १ | रिक्त दरबन्दी |
| ३ | ०१/०८१/०८२ | कन्सल्टेन्ट जनरल सर्जन | नवौ | मान्यता प्राप्त शिक्षण संस्था बाट सर्जरीमा स्नातकोत्तर तह उत्तिर्ण गरेको | १ | रिक्त दरबन्दी |
| ४ | १/०८१/०८२ | क. बालरोग बिशेषज्ञ | नवौं | मान्यता प्राप्त शिक्षण संस्था बाट बालरोग बिषयमा स्नातकोत्तर तह उत्तिर्ण गरेको | १ | रिक्त दरबन्दी |
| ५ | १/०८१/०८२ | अब्स गाईनो | नवौ | मान्यता प्राप्त शिक्षण संस्था बाट स्त्रीरोग बिषयमा स्नातकोत्तर तह उत्तिर्ण गरेको | १ | रिक्त दरबन्दी |
| ६ | १/०८१/०८२ | क. साईक्याट्रिक | नवौ | मान्यता प्राप्त शिक्षण संस्था बाट साईक्याट्रिक बिषयमा स्नातकोत्तर तह उत्तिर्ण गरेको | १ | रिक्त दरबन्दी |
| ७ | १/०८१/०८२ | क. एनेस्थेसियोलोजिष्ट | नवौं | मान्यता प्राप्त शिक्षण संस्था बाट एनेस्थेसियोलोजिष्ट बिषयमा स्नातकोत्तर तह उत्तिर्ण गरेको | १ | रिक्त दरबन्दी |
| ८ | १/०८१/०८२ | ब.मेडीकल ल्याब ट्रेक्नोलोजिष्ट | सातौ तह | मेडीकल ल्याब बिषयमा स्नातक उत्तिर्ण गरेको | १ | रिक्त दरबन्दी |
| ९ | १/०८१/०८२ | अस्पताल ब्यबस्थापक | सातौ तह | अस्पताल ब्यबस्थापन तथा हेल्थ केयर मनेज्मेन्टमा स्नातक तह उत्तिर्ण | १ | संघिय सशर्त कार्यक्रम |

१.**दरखास्त फारम बूझाउने बिधि र स्थान** : प्रदेश लोकसेवा आयोग लुम्बिनीको वेबसाईट दरखास्त फारम डाउनलोड गरी पेश गर्नू पर्ने छ । दरखास्त पेश गर्ने स्थान पृथ्वीचन्द्र अस्पताल ।

२.**दरखास्तमा संलग्न गर्नूपर्ने कागजातहरुः** उम्मेदवारको ब्यक्तिगत बिबरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी ,नेपाली नागरिक्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपी अनूभवको प्रमाणीत प्रतिलिपी प्रचलित नेपाल कानुन बमोजिम काउन्सिलमा दर्ता भएको प्रमाणित प्रतिलिपीहरुको पछाडी पृष्ठमा उम्मेदवार स्वयंले प्रमाणीत गरी लोकसेवा फारमको ढाचामा सम्पूर्ण बिबरणहरु भरी हालसालै खिचिएको पासपोर्ट साईजको २ प्रति फोटो सहित पेश गर्नू पर्ने छ ।

३.**दरखास्त दस्तूर** : आठौं तहको लागी रु.१०००.०० एक हजार दूई सय मात्र सातौ तहको लागी रु. १००० एक हजार र नवौ रु.१२००.०० दस्तूर बुझाउनु पर्नेछ । ।

४.**दरखास्त दिने अन्तिम मिति** : २०८१/०९/०४ गते देखी २०८१/०९/१८ गते भित्र कार्यालयमा दरखास्त पेश गरी सक्नू पर्नेछ ।

५.**छनौटको आधार र प्रकृया** : प्रदेश कर्मचारी ब्यबस्थापन कार्यबिधी (संशोधन सहित) २०८० बमोजिम छनौट गरिने छ ।

६. **सम्पर्क मिति र स्थान** : दरखास्त पेश गर्ने अन्तिम मितिको भोलि पल्ट ।
स्थान पृथ्वीचन्द्र अस्पताल ।

७.**उम्मेदवारको उमेरको हद** :२१ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।

८.**पदमा रही गर्नू पर्ने कामको बिबरण** : सेवा समूह सम्बन्धी ।

९. **तलब** : नेपाल सरकारको प्रचलित स्केल बमोजिम ।

१०. अन्तवार्ताको सूचना : अन्तर्वार्ताको सूचना अस्पतालको सूचना पार्टीमा टास गरिने छ ।

नोट : **सूचनामा उल्लेख नभएका बिषयहरु प्रचलित कानून बमोजिम हूनेछ। यस सम्बन्धमा थप जानकारी आबश्यक भएमा अस्पतालको प्रशासन शाखा सम्पर्क नं. ०७८५२०१८८ मा सम्पर्क गर्नूहून अनूरोध छ।**

**डा.मोहम्मद नूरुल होदा**
**कार्यालय प्रमूख.**

**कर्मचारीको...**

प्रतिनिधिसभाको चालू कार्यकालमा आएको बिधेयक छलफलमा अगाडि बढेको छ।

विधेयकमाथिको छलफलमा सांसदहरूले संविधानको मर्म र भावनाअनुसार ऐन बनाउनुपर्नेमा जोड दिएका छन्।

सांसद घर्तीले निजामती विधेयक जस्ताको तस्तै पारित भए मुलुकको लागि दुर्भाग्य हुने बताएका छन्।

'विधेयक कर्मकाण्डी रुपमा आएको छ। राजनीतिक संघीयता अभ्यासमा आएको एक दशक हुन लागिसक्यो। अर्को दशकसम्म प्रदेश र स्थानीय तहमा संघ मातहत कर्मचारी रहने प्रस्तावले संविधानको मर्म र स्पिरिट पक्रन सकेको छैन।'-सांसद घर्तीले भने।

प्रस्तावित विधेयकमा १० वर्षसम्मका लागि प्रदेशको सचिव र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत संघीय निजामती सेवाका कर्मचारीबाट खटाउने व्यवस्था छ।

यस्तो प्रस्ताव पास गरिए नेपालको संविधान, संघीयताको मूल मर्म र भावना प्रतिकुल हुने घर्तीको भनाइ छ।

उक्त व्यवस्था हटाउनुपर्ने प्रस्ताव राख्दै उनले दश वर्षसम्म संघ मातहत रहने होइन प्रदेश सरकारले लिखित रुपमा माग गरे मात्रै संघ सरकारले उपलब्ध गराउन सक्नेछ भनेर राख्न सकिने तर्क गरेका छन्।

**बुटवलमा....**

बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले विगतमा व्यापारिक केन्द्र बुटवल भए पनि अहिले आसपासका ग्रामीण क्षेत्रसम्म बजार विस्तार भइसकेकाले उपभोक्तालाई सहुलियत र गुणस्तरीय सेवा दिनसके मात्र बुटवलमा उपभोक्ता आकर्षित हुने र बुटवल गुल्जार हुनसक्ने सुझाव दिए।

उद्घाटन समारोहमा बोल्दै नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनीका अध्यक्ष कृष्णप्रसाद शर्मा, महासंघका पूर्व केन्द्रीय सदस्य नवराज श्रेष्ठ, बुटवल उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष टंक गैरे, महासचिव मुक्ति अधिकारी, पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष दिनेश पाण्डेलगायतले सरकारले युवा पलायन रोक्न र लगानीमैत्री वातावरण बनाउन नसक्दा निजी क्षेत्र उत्साहित हुन नसकेको बताए।


## Marchawari Rural Municipality
**Office of the Rural Municipal Executive**
Raypur, Rupandehi
Lumbini Province, Nepal

**Request for Quotation**

## HIRING A FIRM FOR SKILLS DEVELOPMENT TRAINING ON CARPENTRY

(Date of First Publication: B.S. 2081/09/03)

1. The Ministry of Labor, Employment and Social Security (MoLESS), Prime Minister Employment Program (PMEP) has received financing from the International Development Association (IDA) toward the cost of Youth Employment Transformation Initiative (YETI) Project MARCHAWARI RURAL Municipality RUPANDEHI District has received fund on conditional grant through fiscal transfer from the YETI Project and intends to apply part of the proceeds toward payments under the contract for **Hiring a Firm for Skills Development Training in LL.**
2. A firm will be selected through an open competitive process under the procedures "as specified in the Project Operations Manual of YETI Project from Request for Quotation (RFQ)
3. Marchawari Rural Municipality Rupandehi District invites sealed quotation from the qualified firms. The brief description of the procurement is as follows.

| S. N. | Description | RFQ Document fee (non- refundable) | Deadline of RFQ - document purchase | RFQ submission deadline (Date and Time) | RFQ-Opening Date and Time |
|---|---|---|---|---|---|
| 1 | Hiring a Firm for Skills Development Training in carpentry (Proc Ref no.1/ lcm/training) | 1000 | 2081.09.18 | 2081.09.19<br>12 am | 2081.09.20<br>2 pm |

4. The details of the service requirements, eligibility and qualifications required is found in terms of reference (Annex- 1).
5. Qualified service providers experience and registered in the same district will get advantage.
6. In case of last date for purchasing, submission and opening of RFQs falls on a Government Holiday, the next working day shall be considered the last day. In such a case, the RFQ validity shall be recognized from the original RFQ submission deadline.
7. The Municipality/Rural Municipality reserves the right to accept or reject any RFQ and to annul the procurement process and reject all RFQs at any time prior to Contract Award, without thereby incurring any liability to Bidders/Applicants.
8. For Quotation Document and other information please consult to the below address.
   **Address:** MARCHAWARI RURAL Municipality RAYPUR Rupandehi,
   **Email:** marchawari2073@gmail.com
   **Cantact no:** 9857016993

Chief Administrative Officer



## ३५ दिने सार्वजनिक सूचना

लुम्बिनी प्रदेश,बाँके जिल्ला, राप्ती सोनारी गाउँपालिका वडा नं. १ बस्ने शोभा राम खड्काको छोरी, कृष्णबहादुर बस्नेतको पत्नी नौली कुमारी बस्नेतले हिमालयन बैंकको कालिकानगर शाखामा बचत खाता नं.२१८२१६३२५१००१६ खोली कारोबार गर्दै आउनु भएकोमा खाता संचालक नौली कुमारी बस्नेतको मिति २०८१।०६।०६ मा मृत्यु भएको र खातामा इच्छाएको व्यक्ति नभएकोले, खातामा रहेको रकम पाउँ भनी मृतकको छोरा भानुभक्त बस्नेतले आवश्यक कागजात संलग्न गरी बैंक समक्ष निवेदन दिनु भएकोले उक्त रकम उपर अन्य कसैको हकदाबी छ भने यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र स-प्रमाण दाबी गर्न आउनु होला। अन्यथा माग बमोजिम खाताको रकम भुक्तानी गरिने व्यहोरा सूचित गरिन्छ।

HBL Himalayan Bank Ltd.



## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला दरवार देविस्थान गा.वि.स. वडा नं. ०६ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, गुल्मीदरवार गा.पा. वडा नं. ०७, बस्ने श्री बल बहादुर बस्नेतको नातिनी श्री तिलविर बस्नेतको छोरी श्री सोत बहादुर खड्काको पत्नी बर्ष ८५ की श्रीमती तिल कुमारी भन्ने तिल कुमारी खड्का (नागरिकता नं. १०३०२ जि.प्र.का गुल्मी मिति २०४५/०१/१० मा जारी) को मिति २०८१/०१/०५ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०२२६३ मा भएको रकम भुक्तानी पाउँभनि निजको छोरा श्री ईन्द्र बहादुर खड्काले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती तिल कुमारी भन्ने तिल कुमारी खड्का (नागरिकता नं. १०३०२ जि.प्र.का गुल्मी मिति २०४५/०१/१० मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**नेपाल एसबिआई बैंक लि.**
गुल्मी शाखा, गुल्मी
फोन ०७९-५२१०२९, फ्याक्स ०७९-५२११९४



## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

बागलुङ जिल्ला दर्लिङ गा.वि.स. वडा नं. ०८ स्थाई ठेगाना भई हाल बागलुङ जिल्ला, वडीगाड गा.पा. वडा नं. १०, बस्ने श्री नाम थाहा नभएकाको नातिनी श्री टिकाराम बुढाको छोरी श्री मणिराम पुनको पत्नी बर्ष ८३ की श्रीमती सोवित्रा पुन (नागरिकता नं. १२९८/४९७ जि.प्र.का बागलुङ मिति २०४४/१०/२९ मा जारी) को मिति २०८०/११/१९ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०४१३० मा भएको रकम भुक्तानी पाउँभनि निजको छोरा श्री लाल बहादुर पुनले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती सोवित्रा पुन (नागरिकता नं. १२९८/४९७ जि.प्र.का बागलुङ मिति २०४४/१०/२९ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**नेपाल एसबिआई बैंक लि.**
गुल्मी शाखा, गुल्मी
फोन ०७९-५२१०२९, फ्याक्स ०७९-५२११९४



## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला हुगा गा.वि.स. वडा नं. ०६ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, छत्रकोट गा.पा. वडा नं. ०१, बस्ने श्री मंगल बहादुर पल्लीको नाती श्री वल बहादुर पल्लीको छोरा श्रीमती कृष्णादेवी पल्लीको पती बर्ष ८४ को श्री नर बहादुर थापा भन्ने नर बहादुर पल्ली (नागरिकता नं. १६० जि.प्र.का गुल्मी मिति २०३८/०७/०५ मा जारी भई मिति २०६७/१०/१० मा प्रतिलीपी जारी) को मिति २०८१/०१/२५ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०१७०२ मा भएको रकम भुक्तानी पाउँभनि निजको पत्नी श्रीमती कृष्णादेवी पल्लीले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्री नर बहादुर थापा भन्ने नर बहादुर पल्ली (नागरिकता नं. १६० जि.प्र.का गुल्मी मिति २०३८/०७/०५ मा जारी भई मिति २०६७/१०/१० मा प्रतिलीपी जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**नेपाल एसबिआई बैंक लि.**
गुल्मी शाखा, गुल्मी
फोन ०७९-५२१०२९, फ्याक्स ०७९-५२११९४



## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला अर्खवाङ गा.वि.स. वडा नं. ०५ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, मालिका गा.पा. वडा नं. ०४, बस्ने श्री जीत बहादुर घर्ती मगरको नातिनी श्री गोमे घर्तीको छोरी श्री ईन्द्रलाल रानाको पत्नी बर्ष ९० की श्रीमती नमी भन्ने नमी राना मगर (नागरिकता नं. ६५०५ जि.प्र.का गुल्मी मिति २०४३/११/०५ मा जारी) को मिति २०८१/०४/२१ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०२२९० मा भएको रकम भुक्तानी पाउँभनि निजको छोरा श्री अमृत बहादुर रानाले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती नमी भन्ने नमी राना मगर (नागरिकता नं. ६५०५ जि.प्र.का गुल्मी मिति २०४३/११/०५ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**नेपाल एसबिआई बैंक लि.**
गुल्मी शाखा, गुल्मी
फोन ०७९-५२१०२९, फ्याक्स ०७९-५२११९४



## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला नयागाउँ गा.वि.स. वडा नं. ०१ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, धुर्कोट गा.पा. वडा नं. ०१, बस्ने श्री नाम थाहा नभएकाको नातिनी श्री प्रमानन्द पन्थीको छोरी श्री शोभाखर खनालको पत्नी बर्ष ७८ की श्रीमती खगेश्वरा देवी भन्ने खगेश्वरा खनाल (नागरिकता नं. ९१ जि.प्र.का गुल्मी मिति २०४४/०४/२७ मा जारी) को मिति २०८१/०४/२३ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०२९४४ मा भएको रकम भुक्तानी पाउँभनि निजको छोरा श्री पुश्कर खनाल शर्माले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती श्रीमती खगेश्वरा देवी भन्ने खगेश्वरा खनाल (नागरिकता नं. ९१ जि.प्र.का गुल्मी मिति २०४४/०४/२७ मा जारी ) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**नेपाल एसबिआई बैंक लि.**
गुल्मी शाखा, गुल्मी
फोन ०७९-५२१०२९, फ्याक्स ०७९-५२११९४



## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

बागलुङ जिल्ला भीङ्गीठे गा.वि.स. वडा नं. ०२ स्थाई ठेगाना भई हाल बागलुङ जिल्ला, बडिगाड गा.पा. वडा नं. ०६, बस्ने श्री जसरामको नाती श्री वलजीत रोकाको छोरा श्रीमती लीला कुमारी रोकाको पती बर्ष ७९ को श्री गज बहादुर थापा भन्ने गज बहादुर रोका (नागरिकता नं. ३४०६ जि.प्र.का बागलुङ मिति २०४४/१२/२४ मा जारी) को मिति २०७८/०७/१० गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०५००२ मा भएको रकम भुक्तानी पाउँभनि निजको छोरा श्री भोज मान रोकाले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्री गज बहादुर थापा भन्ने गज बहादुर रोका (नागरिकता नं. ३४०६ जि.प्र.का बागलुङ मिति २०४४/१२/२४ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**नेपाल एसबिआई बैंक लि.**
गुल्मी शाखा, गुल्मी
फोन ०७९-५२१०२९, फ्याक्स ०७९-५२११९४



## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला ग्वाघा गा.वि.स. वडा नं. ०७ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, चन्द्रकोट गा.पा. वडा नं. ०५, बस्ने श्री कलाधर पौड्यालको नाती श्री टिकाराम पौड्यालको छोरा श्रीमती नन्द कुमारी पौडेलको पती बर्ष ८१ को श्री गंगाराम पौड्याल भन्ने गंगा बहादुर क्षत्री (नागरिकता नं. १२१८ जि.प्र.का गुल्मी मिति २०४४/११/२५ मा जारी भई मिति २०४८/०८/११ मा प्रतिलीपी जारी) को मिति २०८१/०३/२३ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०४७४७ मा भएको रकम भुक्तानी पाउँभनि निजको पत्नी श्रीमती नन्द कुमारी भन्ने नन्द कुमारी पौडेलले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्री श्री गंगाराम पौड्याल भन्ने गंगा बहादुर क्षत्री (नागरिकता नं. १२१८ जि.प्र.का गुल्मी मिति २०४४/११/२५ मा जारी भई मिति २०४८/०८/११ मा प्रतिलीपी जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**नेपाल एसबिआई बैंक लि.**
गुल्मी शाखा, गुल्मी
फोन ०७९-५२१०२९, फ्याक्स ०७९-५२११९४



## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला हर्दिनेटा गा.वि.स. वडा नं. ०९ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, छत्रकोट गा.पा. वडा नं. ०३, बस्ने श्री नाम थाहा नभएकाको नातिनी श्री अम्मर बहादुर सोमरेको छोरी श्री मोती बहादुर खासुकोपत्नी बर्ष ७० की श्रीमती फत्ती कला मगर्नी भन्ने फत्तीकला खासु (नागरिकता नं. ५७५८ जि.प्र.का गुल्मी मिति २०४४/११/२३ मा जारी भई मिति २०७४/०८/०५ मा प्रतिलीपी जारी ) को मिति २०८१/०३/०५ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०२२८१ मा भएको रकम भुक्तानी पाउँ भनी निजको छोरा श्री खिम बहादुर खासुले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती फत्ती कला मगर्नी भन्ने फत्तीकला खासु (नागरिकता नं. ५७५८ जि.प्र.का गुल्मी मिति २०४४/११/२३ मा जारी भई मिति २०७४/०८/०५ मा प्रतिलीपी जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**नेपाल एसबिआई बैंक लि.**
गुल्मी शाखा, गुल्मी
फोन ०७९-५२१०२९, फ्याक्स ०७९-५२११९४



## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला अमरअर्वाथोक गा.वि.स. वडा नं. ०२ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, गुल्मीदरवार गा.पा. वडा नं. ०५, बस्ने श्री नाम थाहा नभएकाको नातिनी श्री उमानन्द पोखेलको छोरी श्री युगलाल गीरी भन्ने गीर बहादुर मल्लको पत्नी बर्ष ८४ की श्रीमती चेतकला गिरी भन्ने चेतकला मल्ल (नागरिकता नं. २३८६ जि.प्र.का गुल्मी मिति २०४६/१२/२८ मा जारी) को मिति २०८०/१०/०४ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०३४१२ मा भएको रकम भुक्तानी पाउँभनि निजको छोरा श्री टेकराज गीरीले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती चेतकला गिरी भन्ने चेतकला मल्ल (नागरिकता नं. २३८६ जि.प्र.का गुल्मी मिति २०४६/१२/२८ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**नेपाल एसबिआई बैंक लि.**
गुल्मी शाखा, गुल्मी
फोन ०७९-५२१०२९, फ्याक्स ०७९-५२११९४



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी



**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# ‘दुर्गा प्रसाईंलाई उपस्थित गराऊ’




बुटवल। मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई उपस्थित गराउन सर्वोच्च अदालतले आदेश जारी गरेको छ। प्रसाईंका छोरा निराजनले दर्ता गरेको बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमाथि सुनुवाइ गर्दै न्यायाधीश सुनिलकुमार पोखरेलको एकल इजलासले यस्तो आदेश दिएको हो।

न्यायाधीश पोखरेलको इजलासले विपक्षीको नाममा कारण देखाउ आदेश पनि जारी गरेको छ। प्रसाईंका छोरा निराजनले आफ्ना बाबुलाई गैरकानुनी रुपमा थुनामा राखिएको भन्दै मंगलबार बन्दी प्रत्यक्षीकरणको निवेदन दर्ता गराएका थिए। सो निवेदनमाथि बुधबार सुनुवाइ भएको हो। कारण देखाउ आदेश जारी गर्दै पोखरेलको इजलासले बन्दीसहित उपस्थित हुन भनेको छ।

यसअघि पनि यसैगरी दर्ता भएको बन्दी प्रत्यक्षीकरणको निवेदनमा सर्वोच्च अदालतले प्रसाईंलाई कानुनसम्मत रुपमा थुनामा राखेको ठहर गर्दै निवेदन खारेज गरेको थियो। प्रहरी हिरासतमा रहेका प्रसाइमाथि आपराधिक विश्वासघातको आरोपमा अनुसन्धान भइरहेको छ।उनका छोरा निराजनले आपराधिक विश्वासघातको अनुसन्धानका क्रममा समेत आफ्ना बाबुलाई गैरकानुनी थुनामा राखिएको जिकिर गरेका हुन्।

# बचत तथा ऋण सहकारी संघको साधारणसभा बुटवलमा

बुटवल। नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेडको ३३औं साधारणसभा यही पुष ५ र ६ गते बुटवलमा हुने भएको छ।

साधारणसभामा राष्ट्रिय कार्यशाला गोष्ठी समेत गर्ने साधारणसभा व्यवस्थापन उपसमितिका संयोजक संघका वरिष्ठ उपाध्यक्ष दामोदर अधिकारीले जानकारी दिए। साधारणसभाको बारेमा जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा बोल्दै अधिकारीले सहकारी संस्थालाई व्यवस्थित ढंगले सञ्चालन गर्न साधारणसभा महत्वपूर्ण हुने जानकारी दिए। साधारणसभा बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा हुनेछ।

‘केही सीमित सहकारीताको पथ विचलित भएका संस्थाहरुका कारण देशका हजारौं सहकारीहरु लान्छित हुनुपर्ने र लाखौं सदस्य पीडित हुनुपर्ने चुनौतीपूर्ण अवस्थाको अन्त्य गर्न साधारणसभा सफल हुनेछ।’-उनले भने।

तयारी समितिका सदस्य बचत तथा ऋण सहकारी संघ प्रदेश अध्यक्ष कृष्ण नेपालले सहकारी संस्थाहरुका बारेमा प्रश्न उठिरहेको बेला सहकारी आन्दोलनलाई सही दिशामा अघि बढाउन साधारणसभा महत्वपूर्ण हुने बताए। तयारी समितिका सदस्य एंव बचत तथा ऋण सहकारी संस्थाका प्रदेश सचिव बसन्त ढकालले बुटवलमा पर्यटन प्रवर्द्धन गर्नका लागि पनि साधारणसभा महत्वपूर्ण रहेको र सहभागीलाई यहाँका पर्यटकीय स्थलको अवलोकन गराउने बताए।

नेपाल बचत तथा ऋण सहकारी संस्थामा अहिले जिल्लास्तरीय बचत था ऋण सहकारी संघहरु ६५ वटा, प्रदेश बचत तथा ऋण सहकारी संघहरु चार गरी ४ हजार ७ सय १९ संघसंस्थाहरु सदस्य रहेका छन्।

### आगो हिटर वा गिजर प्रयोगमा होसियारी अपनाऔं

-आगो वा हिटर नजिकबाट नतापौं।
-कागज, कपडा जस्ता छिटो जल्ने खालका सामग्री आगो वा हिटरको नजिकै नराखौं।
-कोठामा आगो वा हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं।
-हिटरलाई समय समयमा बन्द गर्ने गरौं।
-आगो वा हिटर बन्दै गरेर मात्र सुतौं।
-आगो, हिटर र बिजुलीको काम सकिने बित्तिकै बन्द गरौं।
-गिजरलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं।
-बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं,
-गिजर खोलेर लामो समयसम्म बाथरुममा नबसौं।

नेपाल सरकार विज्ञापन बोर्ड

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

चौथो कालिका कप

# बुधबार विविध प्रतियोगिता सम्पन्न

बुटवल। बुटवल उप-महानरपालिका वडानम्बर १० मा रहेको कालिका मानवज्ञान माविको ६४औं वार्षिकोत्सव तथा चौथो कालिका कपअन्तर्गत बुधार विभिन्न प्रतियोगीता सम्पन्न भएका छन्। एथेलेटिक्स तर्फका दौड, छात्रछात्रा भलिबल, छात्रछात्रा कबड्डी प्रतियोगिताका विभिन्न चरण सम्पन्न भएका हुन्। १५०० मिटर दोडमा न्यू होराइजन माविका आयुष थारु प्रथम भएका छन्। यस्तै छात्रातर्फ पशुपती माविका चाँदनी पासी प्रथम भएकी हुन्।

यस्तै १०० मिटर दौडमा छात्रतर्फ जनज्वोति माविका शुभम बमरेल प्रथम र छात्रातर्फ कालिका मानवज्ञान माविका कृति पराजुली प्रथम भएकी छिन्।

४ वाई १०० मिटर रिल दौडमा छात्रातर्फ कालिका मानवज्ञान मावि प्रथम भएको छ। विद्यार्थीहरु कृति पराजुली, प्रीति थापा, प्रकृति घिमिरे, सृजना कडायतको समूह प्रथम भएको हो। यस्तै छात्रतर्फ जनज्योति माविका सुभम बमरेल, रजन डम्बरपाल, गंगा रजाली, अल्बीजी गुरुको समूह प्रथम भएको हो।

४०० मिटर दौडमा पशुपती माविका ठाकुर पाण्डे प्रथम भएका छन्। छात्रातर्फ पशुपती माविकै करिस्मा सिंजाली प्रथम भएकी हुन्।

यस्तै २०० मिटर दौडमा जनज्योति माविका शुभम बमरेल प्रथम र छात्रातर्फ गाग्री एकेडमीका नमिता भुषाल प्रथम भइन्। ८०० मिटर दौडमा न्यू होराइजन माविका आयुश थारु प्रथम, छात्रातर्फ कालिका मानवज्ञान माविका प्रकृति घिमिरे प्रथम भइन्।

४ वाई ४०० रिले दौडमा पब्लिक माविका आस्थकुमार थारु, करण थारु, शिवमोहन यादव र हरि थारुको समूह प्रथम भएको छ। यस्तै छात्रातर्फ पशुपती माविका पूजा चौधरी, अस्मिता थारु, करिस्मा सिंजाली, चाँदनी पासीको समूह प्रथम भएको हो। यस्तै कबड्डीतर्फ बुधार सम्पन्न प्रतियोगितमा पहिलो खेलमा न्यूहोराइजन र पशुपती माविकाबिचमा भएकोमा होराइजन वाकओभरसहित विजयी भएको छ। यस्तै नविन औद्योगीक मावि र गाग्री एकेडमीको बिचमा भएकोमा गाग्री एकेडमी विजयी भएको हो।

यस्तै अर्को पाँचौ प्रतिस्पार्धामा इडन मावि र उजिर सिंह माविकाबिचमा भएकोमा इडन मावि विजयी भएर अर्को चरणमा प्रवेश गरेको छ। बुधाबार भएको छौठौ कबड्डी प्रतियोगितामा जनज्योति मावि र क्यानन माविकाबिचमा भएकोमा क्यानन मावि विजयी भएको छ। यस्तै एभरेष्ट मावि र बुद्धपक्लिक माविकाबिचमा भएकोमा एभरेष्ट मावि वाकओभर पाएर विजयी भएको हो।

छात्रा कबड्डीतर्फ इडन मावि र पशुपती माविकाबिचमा भएकोमा वाकओभरसहित इडन मावि विजयी भएको छ। यस्तै बुद्धपब्लिक मावि र कान्ति माविकाबिचमा भएकोमा कान्ति मावि विजयी भएको हो।

कालिका मानवज्ञान मावि र मणिमुकुन्द माविकाबिचमा भएको प्रतियोगीतामा कालिका मानवज्ञान मावि विजयी भएको छ। केरवानी मावि र नविन औद्योगिक माविकाबिचमा भएको प्रतियोगितामा नविन औद्योगिक मावि विजयी भएको हो। इडन मावि र होराइजन माविकाबिचमा भएको खेलमा होराइजन माविले वाकओभर पाएर विजयी भएको छ।

### अनुरोध

चिसो तथा शीतलहरको समयमा,

- मौसमी रुघाखोकी, भाइरल ज्वरो, छातीको समस्या, दम, निमोनिया, झाडापखाला, छाला चिलाउने र सुख्खा हुने, जोर्नी दुखाई, पिनास (साइनसाइटिस), टन्सिल, हृदयघात लगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन्।
- यो रोगले बालबालिका, वृद्धवृद्धा तथा दीर्घरोगीहरु बढी प्रभावित हुन्छन्।
- उनीहरुको विशेष ख्याल राखौं।
- बाक्लो र न्यानो कपडा लगाऔं।
- तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाउँ।
- स्वास्थ्यमा ध्यान दिऔं, कुनै समस्या देखिए नजिकैको स्वास्थ्य संस्थामा जाऔं।

सरावल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी (ब.सु.प.), लुम्बिनी प्रदेश,नेपाल

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१९५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

Lumbini Province Government
Ministry of Social Development
## Social Development Division Office
Lumbini Province, Bhairahawa, Rupandehi Nepal
Date of publication: 2081/09/04

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना।

यस कार्यालयबाट प्रकाशति बिद्युतिय बोलपत्रको आव्हानको सूचना अनुसार तोकिएको मिति भित्र बिद्युतीय प्रणालीमा दाखिला भएका बोलपत्रहरु मध्ये बोलपत्र मुल्यांकन समितिबाट मुल्यांकन गरी न्यूनतम मुल्यांकित शिलबन्दी दरभाउपत्र सारभुत रुपमा प्रभावग्राही भएको हुदा यस कार्यालयको निर्णय अनुसार बिद्युतिय खरीद प्रणाली संचालन निर्देशका २०८० को ३४ (१) र सार्वजनकि खरिद ऐन २०६३ संशोधन सहितको दफा२७ (१) अनुसार तपसिलका शिलबन्दी दरभाउपत्रदाताहरु सारभूत रुपमा प्रभावग्राही न्यूनतम मुल्यांकित शिलबन्दी दरभाउपत्रदाताको रुपमा छनौट भएको हुदा सोही ऐनको दफा२७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशति गरिएको छ।

| S. N | Contract No/ IFB | Bidder Name and Address | Evaluated Amount (without Vat and PS) NRs |
|---|---|---|---|
| | SDDO/SQ-06/081/082 | KotahimaiKanjayamai Construction & Manpower Suppliers Pvt Ltd., Kathmandu-12 | 1208409.50 |
| | SDDO/SQ-13/081/082 | Aaryatara Construction and Suppliers Pvt Ltd, Butwal, Rupandehi | 1224187.90 |
| | SDDO/SQ-15/081/082 | VhawaniNirmanSewa, Si Na Pa-02 | 743750.75 |
| | SDDO/SQ-17/081/082 | Divyam Builders PvtLts, Kathmandu-29 | 1457882.00 |
| | SDDO/SQ-24/081/082 | Mira Construction , Butwal-04 | 513250.00 |
| | SDDO/SQ-25/081/082 | Maina and Devi Construction and Suppliers Pvt Ltd, Maydhapur thimi-09 | 649489.90 |
| | SDDO/SQ-27/081/082 | Divyam Builders PvtLts, Kathmandu-29 | 686790.00 |
| | SDDO/SQ-41/081/082 | Himshika Construction Pvt Ltd, Gaidahawa-07 | 435241.00 |

Office Chief




## छत्रदेव गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छत्रगञ्ज - अर्घाखाँची

## बोलपत्र स्वीकृती सम्बन्धी आशयको सूचना

मिति २०८१/०९/०४

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार ठेक्का नं.CRM/ARG/NCB/W/03/081/82, Shreekhanda-Sheri Khola-Mathura-Masane-Gairipipal Motorable Road Upgrading Works, का लागि मिति २०८१/०७/२८ गते बुद्ध दर्पण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम निर्धारित समय भित्र Online प्राप्त हुन आएका बोलपत्रहरु मिति २०८१/०८/२८ मा खोली बोलपत्र मूल्याङ्कन समितिबाट मूल्याङ्कन हुँदा मिति २०८१/०९/०३ गतेको मूल्याङ्कन समितिको सिफारिस तथा कार्यालयको मिति २०८१/०९/०३ गतेको निर्णय अनुसार पशुपति कन्स्ट्रक्सन, सन्धिखर्क-०२, अर्घाखाँचीले कबोल गरेको अंक (मु.अ.कर र पि.एस. समेत) रु. ९५,१०,३९३.८६ (अक्षरुपी पन्चानब्बे लाख दश हजार तीन सय त्रियानब्बे रुपैयाँ पैसा छयासी) मात्रको बोलपत्र सिफारिस भई स्वीकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन समेत) को दफा २७ र ४७ को प्रयोजनार्थ यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com